नियम ८.२ को उपनियम (१) खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी उक्त कार्यालयको प्र. जि. अ. पदमा सोही कार्यालयका प्रशासकीय अधिकृत श्री रूद्रनाथ बस्याललाई श्री ५ को सरकारको मिति २०४७।२।३ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना ७

श्री ५ को सरकारले जिल्ला कार्यालय रूकुमका प्र. जि. अ. श्री रामबहादुर खड्का मिति २०४७।२।४ गतेदेखि घर बिदामा बस्नुभएकोले उहाँ कार्यालयमा हाजिर नभएसम्मका लागि नि. से. नि. २०२१ को नियम ८.२ को उपनियम (१) खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी उक्त कार्यालयको प्र. जि. अ. पदमा सोही कार्यालयका प्रशासकीय अधिकृत श्री दयाराम शर्मालाई सोही मितिदेखि का. मु. मुकरर गरेको छ ।

## सूचना ८

श्री ५ को सरकारले जिल्ला कार्यालय रामेछापका प्र. जि. अ. श्री ऋषिराम लामिछाने बिदाबाट कार्यालयमा हाजिर नभएसम्म उक्त कार्यालयको प्र.जि.अ. पदमा नि.से. नि. २०२१ को नियम ८.२ को उपनियम (१) खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री लोकप्रसाद आचार्यलाई मिति २०४७।२।८ को निर्णयले का. मु. मुकरर गरेको छ ।

आज्ञाले,
उद्धवप्रसाद बास्कोटा
कानून अधिकृत (उपसचिव)

## भूलसुधार

खण्ड ३९ संख्या ३७ मिति २०४६।९।१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित कृषि मन्त्रालयको पहिलो सूचनाको तेस्रो हरफमा "आजकै मितिदेखि नै लागू हुने गरी" हुनुपर्नेमा "आजकै मितिदेखि न लागू हुने गरी" हुन गएकोले भूलसुधार गरिएको छ ।

मुद्रण तथा प्रकाशन विभाग



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।